# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०७९ साल श्रावण महिना १० गते मंगलबार)

यस मुक्तिनाथ विकास बैंक लि.को गुलरिया शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले प्रोफेस्नल कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुरहरु संस्था संगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत तरताकेता गर्दा समेत सोको वेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाएको, साथै कर्जा लिदाको बखत पेश गरेको प्रयोजन बमोजिम कर्जा उपयोग नगरी कर्जाको दुरुपयोग गरि कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरे मा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपशिल

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| नाम : **बालकृष्ण महतो** <br>बाबुको नाम : खोर बहादुर महतो<br>बाजेको नाम : रतिराम महतो<br>स्थायी ठेगाना : बागेश्वरी गा.वि.स.<br>वडा नं. ०३, बाँके<br>हालको ठेगाना : खजुरा गाउँपालिका वडा नं. ०३, बाँके<br>ना.प्र.नं : १३६८७<br>जारी मिति र जिल्ला : २०५९/११/१५, बाँके | १. नाम : **कौशिला थापा मगर** <br>बाबुको नाम : चन्द्र बहादुर थापा मगर<br>पतिको नामः बालकृष्ण महतो<br>ससुराको नाम : खोर बहादुर महतो<br>स्थायी ठेगाना : बागेश्वरी गा.वि.स.<br>वडा नं. ०१, बाँके<br>हालको ठेगाना : खजुरा गाउँपालिका वडा नं. ०३, बाँके<br>ना.प्र.नं : ६६३०४०/१३<br>जारी मिति र जिल्ला : २०६३/१०/१६, बाँके |
| | २. नाम : **सरोज चन्द** <br>बाबुको नाम : राम बहादुर चन्द<br>बाजेको नाम : शेर बहादुर चन्द<br>स्थायी ठेगाना : सानोश्री गा.वि.स.<br>वडा नं. ०६, बर्दिया<br>ना.प्र.नं : ६५३००२/२२५<br>जारी मिति र जिल्ला : २०७०/०२/३१, बर्दिया |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of
Global Alliance for
Banking on Values

Winner of
EUROPEAN
MICROFINANCE
AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ